# तालिम तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न

पारस्परिक मूल्याङ्कन प्रतिवेदन सम्बन्धमा Financial Action Task Force (FATF) ले २०८०, फागुन १ र २ गते *'FATF International Cooperation Review Group (ICRG) Process Training/Meeting'* तथा Asia/Pacific Group on Money Laundering (APG) सचिवालयले फागुन ३ र ४ गते *'APG Strategic Implementation Planning (SIP) Visit'* सम्पन्न गरेको छ ।

काठमाडौंमा भएको उक्त कार्यक्रमका लागि FATF बाट Nusrut Bahadur Nisa र Alhirabi Abdulrahman Abdullah M तथा APG सचिवालयबाट Shannon Rutherford र Caroline Bicheno ले प्रतिनिधित्व गर्नुभएको थियो । सो कार्यक्रममा अन्तर्राष्ट्रिय मुद्राकोष (IMF) बाट Mr. Pierre Bardin को समेत सहभागिता रहेको थियो ।



FATF, APG र IMF का प्रतिनिधिहरुले अर्थमन्त्री माननीय डा. प्रकाशशरण महत, कानून, न्याय तथा संसदीय मामिला मन्त्री माननीय धनराज गुरुङ्ग तथा नेपाल सरकारका मूख्य सचिव डा. बैकुण्ठ अर्यालसँग समेत भेटघाट गरी समग्र प्रक्रियाको बारेमा जानकारी गराएका थिए । यस्तो भेटघाट पश्चात गरिएको चारदिने तालिम तथा अन्तरक्रिया कार्यक्रममा विभिन्न नियमनकारी निकाय, अनुसन्धानकारी निकाय, वित्तीय जानकारी इकाई, निजी क्षेत्रका प्रमुख तथा प्रतिनिधिहरु लगायतका सम्बद्ध निकायहरुको सहभागिता रहेको थियो ।



तालिम तथा अन्तरक्रिया कार्यक्रम पश्चात APG सचिवालयका प्रतिनिधि Shannon Rutherford ले राष्ट्रिय समन्वय समितिलाई सो बिषयमा जानकारी गराएका थिए । Shannon ले नेपाल 'Increased Monitoring' मा सूचिकृत हुन सक्ने सम्भावना र यसबाट पर्न सक्ने प्रभाव बारे जानकारी गराएका थिए । कार्यक्रममा सहभागी हुनुहुने सम्बद्ध निकायका प्रमुख/प्रतिनिधिहरु लगायत कार्यक्रमलाई सफल तुल्याउन सक्रिय भूमिका खेल्नुहुने सम्पूर्ण कर्मचारीहरुलाई समितिको तर्फबाट धन्यवाद ज्ञापन गर्दै समितिका संयोजक तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव लिलादेवी गड्तौलाले विदेशी निकायका प्रतिनिधिहरुलाई मायाको चिनो प्रदान गर्नुभएको थियो ।

APG को पारस्परिक मूल्याङ्कन र यस पश्चातको FATF प्रक्रियामा वित्तीय जानकारी इकाईले प्रमुख सम्पर्क विन्दुको रुपमा कार्य गर्दै आएको छ भने इकाईका कर्मचारीहरुले सहजीकरण तथा liaison अधिकृतको रुपमा समेत कार्य गरिरहेका छन् ।